# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड २] काठमाडौं चैत्र १० गते २००१ साल [संख्या ३१

## भाग २

## अर्थ (आय) विभागको

### का. गो. भंसारको सूचना

बी फारामबाट आएको मालमा आएको माल एम्व्यासीबाट खटिई आउनुभएका मानिसलाई जाँचपास गराउनपर्ने र सो जाँचपास गर्नलाई पास हुने दिनमै माल जचाई मात्र पास गराउनेमा ज्यादा भीड र गोलमाल पर्नजाने भएकोले अबदेखि त्यस्तो बी फारामको माल पास गराउनुपर्नेहरूले पास गराउन अघिल्लै दिन भंसार गोस्वारामा आई जो चाहिने नम्बर रखाइराखी भोलिपल्ट बी फाराम पास गर्न अडकाउ नहुने गरी ड्यूटी फाँटमा बुझाइदिने गर्नुहोला सोबमोजिम नगरी उस दिन अर्थात् पास गर्न अघिल्लै दिन नम्बर राख्न खोजेमा राख्नेछैन। सो नम्बर शीलशीला मिलेन र पास हुन सकेन भने भंसार गोस्वरा जवाफदेही रहनेछैन।

रामप्रसाद जोशी, असिस्टेन्ट सेक्रेटरी,—अर्थ (आय) विभाग.

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।